# गणतन्त्र कोरियामा रोजगारी चाहनेहरुले ध्यान दिनु पर्ने कुराहरु

**१ कोरियन भाषा परीक्षामा उतीर्ण भए पछि स्वास्थ्य परीक्षण, आदि आवश्यकता पूरा गरेर रोष्टरमा नाम समावेश भए पनि शत प्रतिशत रोजगारी ग्यारेन्टी भने हुँदैन ।**

- गणतन्त्र कोरियाको रोजगार तथा श्रम मन्त्रालयले रोजगारदाताको रोष्टरमा दर्ता भएका कामदारमध्ये कम्प्युटरको माध्यमबाट Randomly सिफारिस गर्छ । (सिफारिस गर्दा कामदारको नाम,जन्म मिति, आदि जस्ता विवरण जानकारी गराइँदैन ।)

- कोरियन रोजगारदाताहरुले रोजगार तथा श्रम मन्त्रालयले सिफारिस गरेका मध्येबाट आफूलाई उपयुक्त लागेका कामदार छनोट गर्दछन् ।

- रोजगारदाताले कामदारको अनुभव, योग्यता, शैक्षिक योग्यता, शारीरिक क्षमता, लिङ्ग, आदि हेरेर छनोट गर्ने गर्दछन् ।

- रोजगारदाताको छनोटमा पर्न नसकेमा रोजगार पाउन सकिँदैन । त्यस कारण भाषा परीक्षा उत्तीर्ण भएर रोष्टरमा रहेता पनि श्रम करारनामा(Labor Contract) नआउँदासम्म अध्ययन वा पेशा व्यवसाय निरन्तर जारी राख्नु पर्छ ।

- महिला कामदारको वास्तविक रोजगारी दर कार्यस्थलको कार्य वातावरण,कार्य पकृति र विशेषता अनि रोजगार दाताको छनोटदर, आदिका कारणले पुरुषहरु भन्दा तुलनात्मकरुपमा कम रहेको छ ।

२ परीक्षार्थीहरुको **राहदानीमा उल्लेखित व्यक्तिगत विवरण (थर,नाम,अङ्ग्रेजी जन्म मिति) फाराम भर्दा भरेको भन्दा फरक परेको अवस्थामा भाषा परीक्षा उतीर्ण भए पनि रोष्टरमा नाम समावेश हुने छैन ।**

३ गणतन्त्र कोरियाको रोजगारी गणतन्त्र कोरियाको रोजगार तथा श्रम मन्त्रालयले तोकेको कार्यालयमार्फत मात्र सम्भव हुनेछ ।

- रोजगार आवेदन दर्ता लगायत रोजगारी प्रकिया वैदेशिक रोजगार विभाग (इ पी एस कोरिया शाखा) र एच् आर् डी कोरियाले मात्र गर्दछन् ।

- रोजगारदातालाई कामदार सिफारिस गर्ने काम गणतन्त्र कोरियाको रोजगार तथा श्रम मन्त्रालयले मात्र गर्न सक्छ ।

- कुनै अन्य व्यक्ति वा संस्थाले कोरियामा रोजगारी दिने भनी रकम माग गरे त्यो गैर कानुनी हो ।

- गणतन्त्र कोरियाको रोजगार तथा श्रम मन्त्रालयले कामदारहरुबाट भाषा परीक्षा शुल्क बाहेक अन्य कुनै पनि रकम लिदैन ।

४ रोजगार चाहनेको रोष्टरमा दर्ता भएको १ बर्ष सम्म पनि रोजगारी नभएमा बैदेशिक रोजगार विभाग (इ.पी.एस. कोरिया शाखा) को सूचना बमोजिम रि-रजिस्ट्रेसन गर्नु हुन अनुरोध छ ।

५ कोरियन भाषा परीक्षाका सम्पूर्ण प्रश्न एच् आर् डी् कोरियाबाट प्रकाशित "कोरियन भाषाको स्तरिय पुस्तक" भित्रबाट आउने छन् ।

कोरियन भाषा स्तरिय पुस्तक इ पी् एस् को वेबसाइटबाट निःशुल्क डाउनलोड गर्न सकिन्छ ।
**https://www.hrdkorea.or.kr/1/3/3/2/1**